नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लि.
Nepal Agro Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :**
Pokhara-18, Kaski, Tel:061412445
Email : info@nepalagro.com.np
Website :www.nepalagro.com.np

# Unaudited Financial Results (Quarterly)

## As at 1st Quarter (2076/06/30) of the fiscal year 2076/077

Rs in '000'

| S.N. | Particulars | This Quarter Ending | Prevoius Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities(1.1to1.8)** | **822,251.00** | **727,864.00** | **515,496.00** |
| 1.1 | Share Capital | 57,244.00 | 49,777.00 | 33,600.00 |
| 1.2 | Reserves and Surplus | 11,073.00 | 17,358.00 | (1,005.00) |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 514,749.00 | 447,426.00 | 342,724.00 |
| 1.5 | Deposits | 212,620.00 | 189,403.00 | 125,329.00 |
| 1.6 | Purposed Dividend | - | - | - |
| 1.7 | Income Tax Liabilities | - | - | - |
| 1.8 | Other Liabilities | 26,565.00 | 23,900.00 | 14,848.00 |
| **2** | **Total Assets (2.1to2.7)** | **822,251.00** | **727,864.00** | **515,496.00** |
| 2.1 | Cash & Bank Balance | 4,220.00 | 4,039.00 | 3,009.00 |
| 2.2 | Money at call and short Notice | 106,053.00 | 83,317.00 | 102,691.00 |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 1,000.00 |
| 2.4 | Loans & Advances | 694,841.00 | 624,065.00 | 392,924.00 |
| 2.5 | Fixed Assets | 3,724.00 | 3,690.00 | 4,757.00 |
| 2.6 | Nonbanking Assets | - | - | - |
| 2.7 | Other Assets | 12,413.00 | 11,753.00 | 11,115.00 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest Income | 25,016.00 | 129,378.00 | 19,935.00 |
| 3.2 | Interest Expense | 16,151.00 | 93,157.00 | 16,198.00 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **8,865.00** | **36,221.00** | **3,737.00** |
| 3.3 | Commission and Other Operating Income | 6,494.00 | 22,268.00 | 6,003.00 |
| 3.4 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4)** | **15,359.00** | **58,489.00** | **9,740.00** |
| 3.5 | Personnel Expenses | 8,744.00 | 23,495.00 | 6,399.00 |
| 3.6 | Other Operating Expenses | 2,808.00 | 10,101.00 | 1,710.00 |
| **C** | **Operating profit Before Provision (B-3.5-3.6)** | **3,807.00** | **24,893.00** | **1,631.00** |
| 3.7 | Provision for Possible Loss | 3,349.00 | 9,795.00 | 3,498.00 |
| **D** | **Operating profit (C-3.7)** | **458.00** | **15,098.00** | **(1,867.00)** |
| 3.8 | Non-Operating Income/Expenses (Net) | - | - | - |
| 3.9 | Write Back of Provision for Possible Loss | 1,965.00 | 8,739.00 | - |
| **E** | **Profit From Regular Business (D+3.8+3.9)** | **2,423.00** | **23,837.00** | **(1,867.00)** |
| 3.1 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.10)** | **2,423.00** | **23,837.00** | **(1,867.00)** |
| 3.11 | Provision For Staff Bonus | 220 | 2,383.00 | - |
| 3.12 | Provision For Tax | 661 | 5,670.00 | - |
| **G** | **Net Profit/Loss (F-3.11 -3.12)** | **1,542** | **15,784.00** | **(1,867.00)** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 8.92% | 10.48% | 9.29% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 0.90% | 0.90% | 1.12% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 96.80% | 120.00% | 120.93% |
| 4.4 | Cost of Funds | 10.50% | 10.49% | 10.67% |

1.The Unaudited financial figures may change if directed by Statutory Auditor/Supervisory Authorities.
2. Interest Rate: Deposit- Min 5% to Max 10%, Loans and advance - Min 17% to Max 18%

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,
## २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
# आ.व. २०७६/७७ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :
(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।
(ख) प्रमुख वित्तीय अनुपातहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.३.१० | २५०.४६ गुणा | रु.१३७.२४ | रु.१६५१.८४ | १५.१६ |

२. **व्यवस्थापकीय विश्लेषण** :
(क) यस त्रैमासिक अवधिमा संस्थाको वित्तीय स्थिति व्यवस्थापनको योजना अनुसार सन्तोषप्रद रहेको छ ।
(ख) नेपाल राष्ट्र बैंकबाट १० जिल्लामा कार्यक्षेत्र विस्तार गर्न स्वीकृत प्राप्त वित्तीय संस्थाले हालसम्म १० जिल्लाका २६ शाखा कार्यालयहरु मार्फत १८,८४२ विपन्न परिवारमा लघुवित्त बैंकिङ सेवा प्रदान गरेको छ । वित्तीय संस्थाले आगामी अवधिमा पनि लक्ष्य अनुसारको सेवा बिस्तारलाई निरन्तरता दिनेछ ।
(ग) लघुवित्त बैंकिङमा देखिएको प्रतिस्पर्धा, कर्जाको व्याजदरमा भएको उतारचढाव एवं लगानी योग्य रकमको अभाव, बढ्दो सञ्चालन लागत जस्ता विषयले संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्दछ । तथापी वित्तीय संस्थाले सम्भावित जोखिम तथा चुनौतिलाई न्यूनीकरण गर्ने तवरले कार्य सम्पादन गर्दै आएको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण** :
(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।
(ख) संगठित संस्थाको संस्थापक वा सचालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको छैन ।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :
(क) शेयरको मूल्य तथा कारोबार संख्या खुल्ला बजारबाट तय हुने भएकोले यसमा संस्था तटस्थ छ । शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनैपनि सूचना प्रचलित ऐन कानूनको अधिनमा रही प्रवाहित गर्ने गरेको छ ।
(ख) यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेञ्ज लि. को वेभसाइट अनुसार यस प्रकार रहेको छ ।

| अधिकत मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु.९५३ | रु.५०२ | रु.७२० | ५७ दिन | ७०,०६७ वटा |

५. **समस्या तथा चुनौती** :
कार्य क्षेत्रको भौगोलिक विकटताले गर्दा कर्मचारी उत्पादकत्व कम देखिने तथा सञ्चालन लागत बढी भएको, नयाँ लघुवित्त संस्थाहरुको बृद्धि र अन्य सबै बैंक तथा वित्तीय संस्थाहरुले पनि लघुवित्त कारोबार सञ्चालन गरेको कारणले दोहोरोपनाको समस्या भएको, वित्तीय संस्थाको कोषको स्थायी र दिर्घकालिन स्रोत नभएको जस्ता समस्या तथा चुनौतिहरु रहेका छन् । उल्लेखित चुनौतीहरुको सामना गर्दै कार्यक्षेत्रका सबै जिल्लाहरुमा सेवा बिस्तार गर्ने, वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण तथा विपन्न घरपरिवारमा वित्तीय सेवा पुऱ्याउने, केन्द्र व्यवस्थापनलाई उच्च महत्व दिई गुणस्तर कायम गर्ने, निक्षेप परिचालनलाई समेत विशेष महत्व दिने र वित्तीय संस्थासँग रहेका स्रोत तथा साधनको अधिकतम उपयोग गरी ग्राहक सदस्यहरुको सन्तुष्टीको स्तर वृद्धिको साथै संस्थाको मुनाफा वृद्धि कायम राख्ने व्यवस्थापनको रणनीति रहेको छ ।

६. **संस्थागत सुशासन** :
वित्तीय संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति लगायतका समितिहरु र जोखिम व्यवस्थापन विभाग, आन्तरिक लेखापरीक्षण विभाग जस्ता स्थायी संरचनाको माध्यमबाट वित्तीय संस्था भित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन वित्तीय संस्था प्रतिबद्ध रहेकोछ । साथै, बाह्य लेखापरीक्षक, नेपाल राष्ट्र बैंकले स्थलगत तथा गैर स्थलगत निरिक्षणबाट दिएका सल्लाह सुझावहरुको पालना गर्न वित्तीय संस्था क्रियाशिल रहेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।